मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १३६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत २१ गते शनिबार (Saturday, 4 April. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## एसईईको प्रश्नपत्र आउट गर्दा...

**काठमाडौं, चैत २०।** एसईईको प्रश्नपत्र आउट गरको आरोपमा सर्लाहीबाट तीन जना विद्यार्थी पक्राउ परेका छन् ।

शुक्रबार बिहान भएको नेपाली विषयको परीक्षामा गोडैता नगरपालिका-५ रामवनस्थित जनता मावि परीक्षा केन्द्रबाट उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा नमूना कावी बलरा-८का पृतम यादव, सोही ठाउँका आलोक यादव र

*(बाँकी अन्तिम पृष्ठमा)*

## सभामुखमा डीपी अर्याल निर्विरोध



**झापा, चैत २०।** प्रतिनिधिसभाको सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डीपी अर्याल निर्विरोध निर्वाचित भएका छन् ।

दिउँसो २ बजेसम्ममा अर्यालको मात्रै उम्मेदवारी परेपछि उनी निर्विरोध सभामुखमा चयन भएका हुन् । संसद् सचिवालयले बिहान ११ देखि २ बजेसम्म उम्मेदवारी दर्ताका लागि समय तोकेको थियो । अर्यालको प्रस्तावक रास्वपा सभापति रवि लामिछाने र समर्थकमा अर्थमन्त्री स्वर्णिम वाग्ले, कानूनमन्त्री सोविता गौतम र भौतिक पूर्वाधारमन्त्री सुनिल लम्साल रहेका थिए । रास्वपा एक्लैको करिब दुईतिहाइ बहुमत भएकाले बिपक्षी दलहरुले उम्मेदवारी दर्ता नै गराएनन् । अब आइतबार बस्ने प्रतिनिधिसभाको बैठकले औपचारिक रुपमा अर्याललाई सभामुख निर्वाचित भएको घोषणा गर्नेछ ।

उम्मेदवारी दर्तापछि अर्यालले आफूले नेपालको संविधान, कानून र नेपाली जनताको हित अनुसार काम गर्ने प्रतिबद्धता जनाइसकेका छन् । उनले भने- 'राष्ट्र र राष्ट्रियताको हितलाई केन्द्रमा राख्दै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीचको सन्तुलनमा व्यवस्थापिकाले गर्नुपर्ने भूमिका न्यायसम्मत रूपमा निर्वाह गर्ने मेरो प्रतिबद्धता रहनेछ ।'

# जताततै ठगी

- **वैदेशिक रोजगारीमा ७३ लाख बढी ठगी**
- **अनलाइनमार्फत ठगी गर्ने व्यक्ति पक्राउ**
- **चिनियाँ नागरिकद्वारा १७ करोड ७९ लाख रुपैयाँभन्दा बढीको क्रिप्टोकरेन्सी कारोबार**

**काठमाडौँ, चैत २०।** वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाउने भन्दै अवैध रूपमा रकम सङ्कलन गरी सम्पर्कविहीन भएका चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले सल्यानका कर्णबहादुर राउत, तनहुँका आनन्द थापा, नवलपरासी (पूर्व)का राधिका पाठक पौडेल र मोरङका तिलक परियारलाई पक्राउ गरेको हो । पक्राउ परेका चारै जनालाई प्रहरीले शुक्रवार सार्वजनिक गरेको छ । उनीहरूले विभिन्न व्यक्तिबाट रु. ७३ लाखभन्दा बढी रकम ठगी गरेको प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए ।

राउतले ११ जनालाई फिनल्याण्ड पठाइदिने भन्दै रु. ५७ लाख, थापाले माल्टा पठाउने भन्दै एक जनासँग रु. चार लाख ५० हजार, पौडेलले दुई जनासँग रु. चार लाख २० हजार र परियारले सर्विया पठाइदिने भन्दै दुई जनासँग रु. आठ लाख रकम लिइ वेपत्ता भएका थिए ।

यसैबीच अनलाइनमार्फत ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा कास्की पोखरा महानगरपालिका-१६



बस्ने लम्जुङ दूधपोखरी गाउँपालिका-६ घर भएकी ५० वर्षीया वनकुमारी गुरूङलाई प्रहरीले पक्राउ गरेको छ ।

सामाजिक सञ्जाल फेसबुकमा फेक एकाउन्ट खोली आकर्षक तलब, सुविधामा जापान पठाइदिन्छु भनी चार जनालाई व्यक्तिगत कागजातहरु समेत पठाउन लगाइ विभिन्न बैंक खातामा पटक-पटक गरी ९० लाख रूपैयाँ जम्मा गर्न लगाई ठगी गर्ने कार्यमा संलग्न रहेको आरोपमा उनलाई पक्राउ गरिएको हो । गुरुङलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय कास्कीको समन्वयमा पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

उता नेपाली नागरिकहरूलाई सामाजिक सञ्जालमार्फत प्रलोभनमा पारेर ठगी गर्ने र उक्त रकमलाई अवैध रुपमा क्रिप्टोकरेन्सी (अभौतिक मुद्रा) मा कारोबार गर्ने एक चिनियाँ नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले बिहीबार ठमेल क्षेत्रबाट ३५ वर्षीय चिनियाँ नागरिक झु यी फेङलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार फेङले विभिन्न सामाजिक सञ्जालमार्फत नेपाली नागरिकहरूसँग सम्पर्क बढाउने र उनीहरूलाई विभिन्न प्रलोभन देखाई विश्वासमा लिने गरेका थिए । उनले नेपाली नागरिकहरुकै बैंक खाताहरू प्रयोग गरेर ठगीको रकम संकलन गर्ने र सो रकमलाई अभौतिक मुद्रामा रूपान्तरण गरी कारोबार गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीले निजको साथबाट १७ करोड ७९ लाख ७०

*(बाँकी अन्तिम पृष्ठमा)*

## होटलमा बोलाएर बिद्यार्थी कुट्ने शिक्षक पक्राउ

**इलाम, चैत २०।** विद्यार्थीलाई होटलमा बोलाएर अमानवीय व्यवहारसहित कुटपिट गरेको आरोपमा इलामबाट एक शिक्षकसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

देउमाई नगरपालिका-मङ्गलबारेस्थित भानुभक्त माध्यमिक विद्यालयमा कक्षा ७मा अध्ययनरत् एक विद्यार्थीमाथि कुटपिट गरेको आरोपमा शिक्षक अंकित दमाइ र बस चालक सुशन मगरलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दमाइ प्राविधिक धार अन्तर्गत सिभिल इञ्जिनियरिङका सहायक प्रशिक्षक हुन् भने मगर विद्यालयका बस चालक हुन् । उनीहरूले विद्यार्थीलाई मङ्गलबारेकै एक होटलमा बोलाएर निर्घात कुटपिट तथा यातना दिएको आरोप छ ।

घटना सम्बन्धी भिडियो समेत सार्वजनिक भएको बताइएको छ । स्रोतका अनुसार शिक्षक र चालकले विद्यार्थीलाई रक्सी सेवन गर्न बाध्य बनाउँदै सिस्नु पानी लगाएको आरोप छ । शरीरका कपडा खोल्न लगाइ संवेदनशील अङ्गमा समेत सिस्नु पानी लगाएको जनाइएको छ ।

सिस्नुको जलनले विद्यार्थी रुन-कराउन थालेपछि थप कुटपिट गरिएको र जबरजस्ती रक्सी पिलाइएको आरोपसमेत लागेको छ । प्रारम्भिक जानकारीअनुसार केही दिनअघि सामाजिक सञ्जालमार्फत शिक्षकमाथि गरिएको गालीको विषयलाई लिएर आक्रोशमा यस्तो घटना घटाएको बताइएको छ ।

अमानवीय तरिकाले विद्यार्थीमाथि कुटपिट गरिएको भन्दै उजुरी परेपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो । जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख प्रहरी उपरीक्षक कुलदीप चन्दले दुवै जनालाई पक्राउ गरी घटनाबारे विस्तृत अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

## 'बले' माथि बलात्कारको आरोप

### 'पाँच पाण्डव'बाट आउट



**काठमाडौँ, चैत २०।** हास्य टेलिसिरियल 'सक्किगोनी'बाट चर्चा कमाएका कलाकार सागर लम्साल 'बले'माथि एक युवतीले बलात्कारको गम्भीर आरोप लगाएकी छन् । शुक्रबार बिहान करिब २ बजे सामाजिक सञ्जाल फेसबुकमा लामो स्टाट्स लेख्दै ती युवतीले अमेरिकामा आफू बलात्कृत भएको दाबी गरेकी हुन् ।

पीडितका अनुसार उक्त घटना करिब एक वर्षअघि भएको हो । त्यतिबेला उनी गम्भीर डिप्रेसन र एन्जाइटीसँग जुधिरहेकी र अस्पतालबाट डिस्चार्ज भएर घरमै स्वास्थ्य लाभ गरिरहेकी थिइन् । सोही समयमा नेपालबाट उनको परिवारसँग वर्षौंदेखि चिनजानमा रहेका केही व्यक्तिहरू अमेरिका पुगेका थिए । परिवारका सदस्यहरूले आफ्ना मान्छेसँग भेट्दा मन हल्का हुनसक्ने सुझाव दिएपछि उनले ती व्यक्तिहरूसँग भेट गर्न मञ्जुरी दिएको उल्लेख गरेकी छन् । युवतीले आफ्नो स्टाट्समा आफूले दाइ नाता लगाउने व्यक्ति सागर लम्साललाई १० वर्षभन्दा अघिदेखि चिन्ने गरेको उल्लेख गरेकी छन् । भेटघाटका क्रममा उनले 'तिमी बस्ने ठाउँ हेरौँ' भनेपछि विश्वास गरेर आफ्नो अपार्टमेन्टमा लगेकी थिइन् । त्यही क्रममा आफू आफ्नो मानसिक अवस्थाबारे सुनाउँदै रोइरहेको अवस्थामा लम्सालले विश्वास तोड्दै आफूलाई बलात्कार गरेको दाबी उनले गरेकी छन् ।

उनले परिवारको इज्जत र आफ्नै मानसिक अवस्थाका कारण लामो समयसम्म घटना सार्वजनिक गर्न नसकेको तर अहिले 'जिउँदो लासजस्तै भएर बाँच्नुपरेको' अवस्थाले आफूलाई बोल्न बाध्य बनाएको उल्लेख गरेकी छन् । स्टाट्सको अन्त्यमा उनले नामै किटेर सागर लम्सालप्रति प्रश्न गर्दै कसैको जीवन बर्बाद गरेर बाँच्दा कस्तो महशुस हुन्छ भनेर सोधेकी छन् । युवतीले न्याय पाउनेमा शंका व्यक्त गर्दै दोषीले आफ्नो

*(बाँकी अन्तिम पृष्ठमा)*

## ब्लूबुक नवीकरणमा किर्ते हस्ताक्षर

**विराटनगर, चैत २०।** सरकारी छाप र अधिकृतको हस्ताक्षर किर्ते गरी सर्वसाधारणलाई ठगी गरेको आरोपमा मोरङ प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा विराटनगर महानगरपालिका वडा नं. ६ बस्ने ३७ वर्षीय कमलकुमार स्वर्णकार रहेका छन् । विराटनगर-४ खार्जीस्थित यातायात व्यवस्था कार्यालय परिसरमा लेखापढीको काम गर्ने स्वर्णकारले सवारी साधनको ब्लूबुक (सवारी दर्ता किताब) नवीकरण गर्ने बहानामा सरकारी छाप र दस्तखत किर्ते गरेको पाइएको छ ।

गतचैत १६ गते को३९प ९५७९ नम्बरको मोटरसाइकलको ब्लूबुक नवीकरणका लागि स्वर्णकारलाई दिइएको थियो । उनले उक्त ब्लुबुकमा यातायात कार्यालयको सरकारी छाप र छैटौं तहका अधिकृतको छाप तथा हस्ताक्षर आफैंले किर्ते गरी नवीकरण भएको भन्दै ठगी गरेको सूचना प्रहरीले प्राप्त गरेको थियो ।

सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको टोलीले स्वर्णकारलाई यातायात कार्यालय परिसरबाटै नियन्त्रणमा लिएको हो । प्रहरीले स्वर्णकारको घरमा खानतलासी गर्दा अन्य विभिन्न ११ थान सवारी दर्ता किताबहरू (ब्लूबुक) समेत फेला पारेको छ । निजले अन्य धेरै व्यक्तिहरूलाई पनि यसैगरी ठगी गरेको हुनसक्ने प्रहरीको अनुमान छ ।

पक्राउ परेका स्वर्णकारमाथि मोरङ जिल्ला अदालतबाट म्याद थप गरी किर्ते र ठगी मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## 'प्रहरी हुँ' भन्दै अपहरण

**काठमाडौं, चैत २०।** आफूलाई राष्ट्रिय अनुसन्धान विभागको प्रहरी अधिकारी बताउँदै एक व्यक्तिको अपहरण तथा शरीर बन्धक बनाएको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुर गढी गाउँपालिका वडा नं. ३ घर भएका ५३ वर्षीय दीपक खड्का रहेका छन् ।

गत माघ २८ गते भक्तपुरको सूर्यविनायक नगरपालिका वडा नं. ५ बस्ने ४७ वर्षीय पूर्णबहादुर थापाको घरमा पुगेर खड्काले आफू 'अनुसन्धान विभागको प्रहरी' भएको भनी परिचय दिएका थिए । उनले थापालाई होटलमा पुऱ्याइ डर, धाक र धम्की देखाएर अपहरण तथा शरीर बन्धक बनाएको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

फरार रहेका खड्कालाई खोजतलास गर्ने क्रममा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको टोलीले काठमाडौँ महानगरपालिका-८ गौशाला क्षेत्रबाट नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी परिसर भक्तपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक प्रकाश जवेगूले पक्राउ परेका खड्कामाथि 'अपहरण तथा शरीर बन्धक' कसुर अन्तर्गत मुद्दा दर्ता गरिएको जानकारी दिए । अदालतबाट म्याद थप गरी उनीमाथि विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## घुससहित प्रहरी निरीक्षक पक्राउ

**झापा, चैत २०।** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको मिथिला नगरपालिका-१० लालगढबाट सशस्त्र प्रहरी बलका एक प्रहरी निरीक्षकलाई रु. ४० हजार घुस रकमसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा प्रहरी निरीक्षक वकिल अधिकारी रहेका छन् ।

अख्तियारको बर्दिवास कार्यालयका अनुसार कमला-ढल्केवर-बाग्मती सडक निर्माण आयोजना अन्तर्गत माटो तथा ग्राभेल फिलिङ कार्य गरिरहेका एक ठेकेदारसँग घुस लिँदै गर्दा प्रहरी निरीक्षक अधिकारीलाई पक्राउ गरिएको हो । प्रहरी निरीक्षक अधिकारीमाथि विभिन्न बहानामा निर्माणमा प्रयोग हुने सवारी साधन रोक्ने तथा काममा अनावश्यक बाधा गरेको आरोप छ । यही क्रममा ठेकेदारसँग रकम मागेको सूचनाका आधारमा अख्तियारको टोलीले प्रहरी निरीक्षक अधिकारीलाई घुस रकमसहित पक्राउ गरेको हो । उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

## रास्वपा झापाका सात नेता-कार्यकर्ता निलम्बित

**झापा, चैत २०।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी अनुशासन विपरीत गतिविधि गरेको आरोपमा झापाका सात जना नेताहरूलाई निलम्बन गरेको छ ।

निलम्बनमा पर्नेमा बिर्तामोड नगर सभापति दीपक दिनेश दाहाल, नगरसचिव सृजन अधिकारी, क्षेत्र नम्बर २का सदस्य राजेन्द्र खनाल, भद्रपुर नगर सभापति प्रेम न्यौपाने, जिल्ला सहसचिव भीम कुँवर, क्षेत्र नम्बर ३का सभापति लक्ष्मण बस्नेत तथा क्षेत्र नम्बर ४की सभापति लीलामाया बस्नेत रहेका छन् ।

पार्टीको अनुशासन आयोगको केन्द्रीय टोलीले उनीहरूलाई यसअघि स्पष्टीकरण सोधेको थियो । सो टोलीका प्रमुख रमाकान्त रिजाल सहितको समूह निर्वाचनअघि झापा आएको थियो । अनुशासन आयोगको प्रारम्भिक छानबिनका क्रममा उनीहरूले पार्टी अनुशासन विपरीत गतिविधि गरेको निष्कर्षसहित कारबाही स्वरूप निलम्बन गरिएको जिल्ला तहका एक नेताले बताएका छन् ।

घटनाबारे थप प्रक्रिया अगाडि बढाइने र आवश्यक परे थप कारबाही समेत हुन सक्ने जनाइएको छ । यसअघि पार्टीका जिल्ला सभापति उमेश खरेल निलम्वनमा परेका थिए । उनी निलम्वनमा परेसँगै पार्टीका उपसभापति प्रकाश पाठक कार्यवाहक सभापति छन् । उनी गतनिर्वाचनमा झापा क्षेत्र नम्बर ३बाट प्रतिनिधिसभा सदस्य पदमा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलाई पराजित गर्दै निर्वाचित भएका छन् ।

**बिर्तामोडको कर्मशियल भवन बिक्रीमा**



**झापाको बिर्तामोड-१ स्थित पश्चिम बस स्टेण्डमा होटल, हस्पिटल, कलेज, मार्ट, पार्टी प्यालेस लगायत सञ्चालन गर्नका लागि उपयुक्त १ कठ्ठा १० धुर जग्गामा बनेको तीन तले कर्मशियल भवन बिक्रीमा रहेको छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।**

सम्पर्क : ९७०७११९५५७ Whatsapp: ९८५२६७२५९६

# अस्पतालमा १०% नि:शुल्क शय्या

**काठमाडौँ, चैत २०।** सरकारले सरकारी र निजी अस्पतालमा १० प्रतिशत शय्या नि:शुल्क गर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने निर्णय गरेपछि अस्पतालहरुले यो व्यवस्था कार्यान्वयन गर्न थालेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एक सूचनामार्फत स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कार्यहरुको पछिल्लो प्रगति विवरण सार्वजनिक गर्दै ३२ अस्पताल (१९ निजी र १३ सरकारी) का १० प्रतिशत शय्यामा नि:शुल्क उपचार प्रदान गरिएको जानकारी गराएको हो । सरकारले विपन्न, असहाय तथा बेवारिसे बिरामीले अस्पताल सेवामा पहुँच नपाउने, आर्थिक कारणले उपचारबाट वञ्चित अवस्थाको अन्त्य गर्न र निजी-सरकारी दुवै क्षेत्रमा



सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न सरकारी तथा निजी अस्पतालका कूल शय्यामध्ये कम्तीमा १० प्रतिशत नि:शुल्क उपलब्ध गराउने व्यवस्था कडाइका साथ तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

चैत १३मा मन्त्रिपरिषद्‌ले निर्णय गरे बमोजिम शासकीय सुधारको कार्यसूचीमा स्वास्थ्य क्षेत्रका सुधारमा विभिन्न ६ बुँदा समेटिएको थियो । जसअनुसार वीर अस्पताल, गङ्गालाल हृदय केन्द्र, कान्ति बाल अस्पताल लगायतका अस्पतालहरूमा सेवाको गुणस्तर सुधारका लागि अनुगमन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण गरिएको मन्त्रालयले जनाएको छ ।

साथै, अस्पताल सेवा सुधार निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ । सुदूरपश्चिम प्रदेशको टीकापुर, महाकाली र सेती प्रादेशिक अस्पतालका साथै मधेस प्रदेशको कलैया अस्पतालमा जलन वार्ड स्थापना तथा सेवा सञ्चालनको तयारी सुरु गरिएको छ । साथै, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरमा अवरुद्ध रहेको जलन उपचार सेवा पुन:सञ्चालन गरिएको स्वास्थ्य मन्त्रालयले जानकारी गराएको छ ।

सुदूरपश्चिम, मध्य तथा पूर्वी नेपालका पहाडी क्षेत्रमा आपतकालीन स्वास्थ्य सेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राख्ने सम्बन्धमा आवश्यक व्यवस्था हाल कार्यान्वयनमा रहेको छ । दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्धार सम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग परामर्श तथा समन्वय गरिएको छ ।

यसैगरी स्वास्थ्य क्षेत्रका गुनासोहरू सङ्कलन गर्न क्यूआर कोड र छुट्टै इमेलको व्यवस्था गरिएको छ । साथै, एकीकृत प्रणालीमार्फत गुनासो सम्बोधन कार्य शुरु गरिएको मन्त्रालयले जनाएको छ ।

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

# सहकारी दिवसमा उत्कृष्टलाई सम्मान



**झापा, चैत २०।** ६९औं राष्ट्रिय सहकारी दिवसको अवसर पारेर झापा जिल्ला सहकारी संघ लिमिटेडले विभिन्न विधामा उत्कृष्ट सहकारी संस्था तथा व्यक्तिहरूलाई सम्मान गरेको छ।

बिर्तामोडस्थित सिटी सेन्टरमा आयोजित समारोह सहकारी अभियानको उपलब्धि, चुनौति र आगामी दिशामाथि केन्द्रित रह्यो। कार्यक्रममा परिवेश मिडियाका प्रधान सम्पादक पुष्प खड्का उत्कृष्ट सञ्चारकर्मीको रूपमा पुरस्कृत भए। उनलाई नगद १० हजार ५ सय ५५ रुपैयाँसहित सम्मान-पत्र प्रदान गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशसभाका सभामुख अम्बरबहादुर विष्ट र संघका अध्यक्ष प्रेमकुमार सापकोटाले संयुक्त रूपमा पुरस्कार तथा सम्मान प्रदान गरेका थिए। सो अवसरमा सहकारी क्षेत्रका विभिन्न विधामा उत्कृष्ट संस्थाहरूलाई समेत नगद १० हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरिएको थियो। उत्कृष्ट बचत तथा ऋण सहकारीतर्फ दमकको डाँफे साकोस, कृषि सहकारीतर्फ कमल गाउँपालिकाको लखनपुर सानाकिसान, बहुउद्देश्यीयतर्फ गौरादहको जुरोपानी सहकारी संस्था, बचत कारोबारतर्फ बिर्तामोडको गौरवशाली साकोस तथा कर्जा कारोबारतर्फ अर्जुनधाराको ऋद्धिसिद्धी महिला कृषि सहकारी संस्था पुरस्कृत भए।

त्यस्तै, उत्कृष्ट व्यवस्थापनतर्फ महिलाबाट हल्दिबारीकी उमा राई र मेचीनगरकी अनिता गुरागाईं तथा पुरुषतर्फ मोहन अधिकारी र माउण्टेन गुरुङलाई जनही ५ हजार ५५५ रुपैयाँसहित सम्मान गरिएको थियो। कार्यक्रममा उत्प्रेरक सौनक भट्टले सहकारी अभियानलाई ऊर्जा दिने उद्देश्यले मनोरञ्जनात्मक प्रस्तुति सहित प्रेरणादायी सन्देश दिएका थिए। प्रमुख अतिथि विष्टले विगतमा सहकारीप्रति राज्यको दृष्टिकोण अपेक्षाकृत सकारात्मक नभएको उल्लेख गर्दै वर्तमान सरकारको नीति व्यवहारमै देखिनुपर्ने धारणा राखे।

कार्यक्रममा केन्द्रीय चिया उत्पादक सहकारी संस्थाका अध्यक्ष हर्क तामाङ, राष्ट्रिय सहकारी बैंकका लेखा समिति संयोजक लक्ष्मी उप्रेती, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष युवराज गिरीलगायतको सहभागिता रहेको थियो। संघका सचिव भवानीप्रसाद दंगालले सञ्चालन गरेको कार्यक्रमको स्वागत वरिष्ठ उपाध्यक्ष दुर्गाप्रसाद सापकोटाले गरेका थिए।

# विदेशबाट आयो १४ खर्ब ४९ अर्ब विप्रेषण



**काठमाडौँ, चैत २०।** चालूआर्थिक वर्षको फागुन मसान्तसम्ममा विदेशमा गएका नेपालीले रु. १४ खर्ब ४९ अर्ब ६५ करोडबराबरको विप्रेषण देशभित्र पठाएका छन्। नेपाल राष्ट्र बैंकको विवरण अनुसार यो विप्रेषण आप्रवाहमा ३७.७ प्रतिशतले वृद्धि हो।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ९.५ प्रतिशतले बढेको थियो। गतफागुनमा विप्रेषण आप्रवाह रु. एक खर्ब ८८ अर्ब ६४ करोड रहेको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु एक खर्ब ५१ अर्ब १९ करोड बराबर थियो। सो अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३१ प्रतिशतले वृद्धि भई रु १० अर्ब १५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले बढेको थियो।

केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु. १५ खर्ब ९१ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु. ११ खर्ब ४९ अर्ब ३० करोड रहेको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या दुई लाख ७३ हजार ५३६ र पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख ५१ हजार ९८५ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः तीन लाख १७ हजार ०६८ र दुई लाख १७ हजार ४०३ रहेको थियो।

त्यस्तै, समीक्षा अवधिमा चालू खाता रु. पाँच खर्ब ५२ अर्ब ८५ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. एक खर्ब ९७ अर्ब ३ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा रु. एक अर्ब ४६ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा रु. तीन अर्ब ८८ करोडले बचतमा रहेको छ।

यस्तै, फागुन मसान्तसम्म रु. १० अर्ब ८४ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु. आठ अर्ब ४७ करोड रहेको थियो। सो अवधिमा शोधनान्तर स्थिति रु. छ खर्ब ५८ अर्ब ३५ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. तीन खर्ब १० अर्ब ३७ करोडले बचतमा रहेको थियो।

# कृष्ण धराबासीलाई दीर्घ साहित्य सेवा सम्मान



**झापा, चैत २०।** साहित्यकार कृष्ण धराबासीलाई दीर्घ साहित्य सेवा सम्मान प्रदान गरिएको छ। झापाको अर्जुनधारा नगरपालिका भाषा, कला, साहित्य तथा संस्कृति प्रवर्द्धन समितिले यस बर्ष साहित्यकार धराबासीलाई सम्मान गरेको हो।

अर्जुनधारा नगरपालिकामा आयोजित साहित्य विमर्श तथा दीर्घ साहित्य सेवा सम्मान समारोहकाबीच शुक्रवार साहित्यकार धराबासीलाई सम्मान गरिएको छ। कार्यक्रमका साहित्यकार धराबासीलाई प्रमुख अतिथि बरिष्ठ साहित्कार प्रकाश बुढाथोकी, नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङ, उप-प्रमुख खड्गमाया पराजुली, प्रमुख प्रशासकीय अधिकृत अनोजकुमार घिमिरेलगायतले नगद एक लाख एक हजारसहित सम्मान-पत्रले सम्मान गरेका थिए।

उक्त पुरस्कारबाट यसअघि २०७७मा सरोजकुमार ओली, २०७८ मा बिष्णुकुमार भट्टराई, २०७९मा कालीबहादुर थापा, २०८०मा हस्त परियार र २०८१मा कृष्ण बराल सम्मानित भइसकेका छन्।

नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङको अध्यक्षतामा भएको समारोहमा कार्यक्रमको उद्देश्यसहित औचित्यमाथि उप-प्रमुख खड्गमाया पराजुली प्रकाश पारेकी थिइन्। स्वागत भाषा, कला, साहित्य तथा संस्कृति प्रवर्द्धन समितिकी संयोजक कञ्चना काफ्लेले गरेको कार्यक्रमको सञ्चालन नगरका कर्मचारी सौजन कटुवालले गरेका थिए। सोही कार्यक्रमकाबीच साहित्य बिमर्श समेत गरिएको थियो।

साहित्य बिमश कार्यक्रममा साहित्यकार चन्द्र भण्डारी, सीमा आवास र दीपेन्द्र आचार्य वक्ताको रुपमा रहेका थिए भने बहस सहजकर्ता सन्तोष आचार्य रहेका थिए। साहित्यकारहरुले कविता, गीत, गजललगायत प्रस्तुत गरेका थिए।

# खाडीमुलुकमा युद्धको अफवाह फैलाउने ११ नेपाली पक्राउ

**काठमाडौँ, चैत २०।** इजरायल-अमेरिका र इरानबीच चलेको युद्धबारे अफवाह फैलाउने श्रव्यदृश्य सामग्री, तस्वीरलगायत सामाजिक सञ्जालमा पोष्ट गरेका कारण पश्चिम एशियाका विभिन्न मुलुकमा ११ जना नेपाली पक्राउ परेका छन्। परराष्ट्र मन्त्रालयले शुक्रवार पत्रकार सम्मेलन गरेर उक्त जानकारी गराएको हो।

पक्राउ पर्नेमा साउदी अरेबियामा चार, युनाइटेड अरब इमिरेट्स (यूएई) र कतारमा तीन/तीन तथा ओमानमा एक जना रहेका छन्। क्षेप्यास्त्र तथा ड्रोनमार्फत भइरहेको आक्रमणको तस्वीर तथा श्रव्यदृश्य सामग्री खिचेर कुनै पनि सामाजिक सञ्जालमा डर त्रास देखाउन पोष्ट गरे कानूनी सजाय भोग्नुपर्ने व्यवस्था छ। त्यही अनुरुप हालसम्म ११ जना नेपालीलाई सामाजिक सञ्जालमा त्यस्ता किसिमका सामग्री राखेर कानून उल्लंघन गरेको आरोपमा पक्राउ गरिएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए।

पक्राउ परेका नेपाली नागरिकको अवस्था र उनीहरुलाई छुटाउन सकिने विषयमा सम्बन्धित देशका दूतावास र नियोगहरुसँग जानकारी लिने काम भइरहेको छ। पक्राउ परेका नेपाली नागरिक कुन कानून उल्लंघन अन्तर्गत पक्राउ परेका हुन् र कति जरिवाना लाग्छ भन्नेबारे जानकारी लिने काम भइरहेको छ- प्रवक्ता क्षेत्रीले भने।

मध्य पश्चिम मुलुकमा युद्धको प्रभावका कारण रोजगार गुमाउनुपर्ने जोखिम नरहेको प्रवक्ता क्षेत्रीले बताए। उनका अनुसार खासगरी होटल, रेष्टुरेन्ट र पर्यटन जस्ता क्षेत्रमा नेपाली कामदारले जागिर गुमाउने चिन्ता बढेको भए पनि ठूलो क्षेत्रमा त्यसको खतरा नरहेको सम्बन्धित नियोगहरुले जानकारी दिएका छन्। खाडी मुलुकमा युद्धबाट प्रभावित/असुरक्षित भई घर फर्किन चाहने नेपालीलाई उद्धार गर्ने काम निरन्तर भइरहेको उनले बताए।

मन्त्रालयले जारी गरेको 'कल सेन्टर'मा नेपाली नागरिकले उडानको अवस्था के छ ? घर फर्किन चाहने र श्रम स्वीकृतिबारे जिज्ञासा राख्ने गरेका प्रवक्ता क्षेत्रीले बताए। अहिलेसम्म ८६ हजार ४ सय २० जनाले नाम दर्ता गराएका छन्। असुरक्षित छु भन्नेको संख्या विस्तारै कम हुँदै गएको छ। असुरक्षित छु भन्नेहरुले पनि विस्तारै सुरक्षित भएर यहीँ काम गर्ने भनिरहेका छन्। ट्राञ्जिटमा परेकाहरुको उद्धार लगभग पूरा भइसकेको छ- उनले भने।

# तीन जिल्लामा बर्डफ्लू, ८५००० कुखुरा नष्ट

**झापा, चैत २०।** बर्ड फ्लूको समस्या देखिएपछि कोशी प्रदेशका तीन जिल्लामा करिब ८५ हजार कुखुरा नष्ट गरिएको छ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बिराटनगरका वरिष्ठ पशु विकास अधिकृत डा. गंगाराम यादवका अनुसार बर्डफ्लू (एच५एन १) को सङ्क्रमण पुष्टि भएका तीन जिल्लाका २२ व्यावसायिक फार्मका कुखुरा नष्ट गरिएको हो। प्रदेशका १४ जिल्लामध्ये झापा, मोरङ र सुनसरीमा बर्डफ्लूको सङ्क्रमण फैलिएको छ।



वरिष्ठ पशु विकास अधिकृत डा. यादवका अनुसार मोरङका आठ, झापाका दुई र सुनसरीका १२ फार्ममा बर्डफ्लूको सङ्क्रमण देखिएको हो। ७० हजार लेयर्स, सात हजार बोइलर प्यारेन्ट, एक हजार बोइलर, चार हजार चल्ला र दुई हजार ३२५ स्थानीय जातका कुखुरा नष्ट गरिएको छ। कुखुरासँगै ५७ हाँस, दुई लाख २७ हजार अण्डा र २८ हजार किलो दाना नष्ट गरिएको उनले बताए।

सङ्क्रमण थप फैलिन नदिन निर्देशनालयले फार्म वरपरको क्षेत्रमा उच्च सतर्कता अपनाउँदै पंक्षीजन्य वस्तुको आयात निर्यातमा रोक लगाएको वरिष्ठ पशु विकास अधिकृत डा. यादवले बताए। विभागले सङ्क्रमित क्षेत्रबाट पंक्षी तथा पन्छीजन्य वस्तुको ओसारपसारमा पूर्ण रोक लगाउँदै अन्य जिल्लामा निगरानी बढाएको छ। एच५एन १ भाइरस पन्छीबाट मानिसमा सर्न सक्ने जोखिम रहेकाले यसप्रति सजग रहन निर्देशनालयले आग्रह गरेको छ।

## बले ...

गल्तीको परिणाम भोग्नुपर्ने र भविष्यमा अरू कसैमाथि यस्तो घटना नहोस् भन्ने उद्देश्यले कुरा सार्वजनिक गरेको बताएकी छन्।

यस विषयमा आरोपित कलाकार सागर लम्सालको तर्फबाट भने समाचार तयार पार्दासम्म कुनै आधिकारिक प्रतिक्रिया आएको छैन।

त्यस्तै हास्य कलाकार सागर लम्साल (बले)लाई फिल्म 'पाँच पाण्डव'बाट निष्कासन गरिएको छ। लम्सालमाथि बलात्कारको आरोप लगाएपछि निर्माताले उनलाई फिल्मबाट निकालेका हुन्। निर्माता कम्पनी कालीरानी फिल्म्सले एक विज्ञप्ति जारी गर्दै अब अर्को कलाकार लिएर पुनः छायांकन (रि-सुट) गरिने जनाएको छ।

सागरको ९० प्रतिशत दृश्य खिचिसकेको भए पनि अब उनी फिल्मको हिस्सेदार नहुने र उनी संलग्न दृश्यहरू फिल्ममा नराखिने उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ- 'छायांकनकै क्रममा एक मुख्य कलाकारलाई हटाउनु पर्दा र छायांकन भइसकेका दृश्य पुनः खिच्नु पर्दा निश्चय पनि आर्थिक क्षति हुने नै छ। तर, पीडित युवतीको पीडाका अघि हाम्रो यो क्षतिले कुनै मान्यता राख्दैन।'

## जतातत ...

हजार ३ सय ७१ रुपैयाँ २३ पैसा बराबरको क्रिप्टोकरेन्सीको कारोबार भएको विवरण फेला पारेको छ।

यसैगरी, निजको साथबाट ३ थान मोबाइल फोन र रकम पठाउन प्रयोग गरिने 'इन्टरनेशनल एक्सप्रेस' लेखिएका विभिन्न कागजातहरू समेत बरामद गरिएको छ। जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवम् प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार पक्राउ परेका फेडलाई काठमाडौँ जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ। नेपालमा क्रिप्टोकरेन्सीको कारोबार गैरकानूनी मानिन्छ। निजले अन्य को-कोसँग मिलेर यस्तो ठूलो रकमको अवैध कारोबार गरेका हुन् भन्नेबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## एसईईको ...

नारायण हरि मावि गोडैता-५ का सुमित यादव रहेका छन्। उनीहरूले मोबाइल फोनको माध्यमबाट प्रश्नपत्र आउट गरेका प्रहरीले जनाएको छ।


## बिमालेख हरायो

बिर्तामोडबाट गोलधाप जाने क्रममा यही मिति २०८२/११/१० गते मेरो निम्न व्यहोराको एलआईसी नेपालको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- प्रकाशमणि खनाल
**ठेगाना**:- हल्दिवारी-१, झापा
**पोलेसी नं.**:- २०००२०२०१
**कम्पनी नाम**: एलआईसी नेपाल
**सम्पर्क**: ९८१४९३४००१

## भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

**हल्दिवारी वडा नं. ४ बस्ने मंगल हेमरम सतार (मंगला हेमरम सतार) को नाउँको १५ दिने समाव्हान**

उप्रान्त जिल्ला झापा गा.पा./न.पा. बिर्तामोड वडा नं. ४ बस्ने लीलामाया उप्रेतीले मेरो नाउँमा दर्ता रहेको साविक गा.वि.स./न.पा. हल्दिवारी वडा नं. ३ हाल गा.पा./न.पा. हल्दिवारी वडा नं. ४ को कि.नं. ८२७ को ज.वि. १-२-० को मो.ल.क. गरी गाउँ भनी यस कार्यालयमा फिराद पत्र दिएको हुनाले सो फिराद पत्रको नक्कल समेत यसै साथ पठाइएको छ। तसर्थ तपाईले सो म्याद पाएका वा घर दैलोमा टाँस भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र प्रतिउत्तर र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई अड्डा खुलेका समयमा यस कार्यालयमा हाजिर हुन आफै आउन वा कानून बमोजिम वारेस वा कानूनी व्यवसायी पठाउनुहोला। ऐन बमोजिम पुर्पक्ष हुनेछ आफ्नो लिखत प्रमाण सक्कल/नक्कल प्रतिउत्तर पत्रको साथमा दाखिल गर्न नसके ऐन बमोजिम हुनेछ। सो म्यादभित्र प्रतिउत्तर लिई आफू पनि आउनु भएन र वारेस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुनेछ। पछि तपाईको उजुरी लाग्ने छैन।

इति सम्वत् २०८२ साल चैत महिना २० गते रोज ६ शुभम्।

## अर्जुनधारा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल**

## सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ०५ गोमादेवी भण्डारीको नाममा दर्ता रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा नक्सा घर नक्सा पेश गर्नु भएकोमा तपाई संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१को उपदफा क प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. पूर्व तर्फ :- श्री ऋषि अधिकारी  २. पश्चिम तर्फ :- श्री मदनकुमार शिवाकोटी
३. उत्तर तर्फ :- श्री बाटो  ४. दक्षिण तर्फ :- खगेन्द्र पाण्डे

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|
| अर्जुनधारा-०५ | ३२६४ | ०-१-६ | २०८२।१२।१९ | २०८२।१२।२० |

## भिटा विक्रीमा

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर र ९.५ धुर भिटा अर्जेन्ट परेर तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।

**मो. ९८१७९९०२९९/ ९८०७९२२३०१**

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

चतुर ध्वज खडकाको नाति, लालबहादुर खडकाको छोरा मित्रमाया खड्काको श्रीमान कोशी प्रदेश झापा जिल्ला अर्जुनधारा नगरपालिका वडा नं. ०९ बस्ने मीत्रबहादुर खडका र मित्रमाया खड्काले यस शाखामा संयुक्त बचत खाता नं. १८२१५२४१४१५७८८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/११/१८ मा निज खातावाला मीत्रबहादुर खडकाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने मित्रमाया खड्काले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ।

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक मीत्रबहादुर खडकाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको विर्तामोड शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
विर्तामोड शाखा
मुक्तिचोक, विर्तामोड, झापा
फोन नम्बर:०२३-५३०९१०

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

## बिर्तामोड नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा, कोशी प्रदेश (नेपाल)को**

## दरखास्त आव्हानको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८२।१२।२१**

यस नगरपालिका अन्तर्गतको नगर अस्पतालका लागि तपशिलको पदमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं | विज्ञापन नं. | तह | तह/श्रेणी | माग पद संख्या | सेवा/समूह | सेवा सुविधा |
|---|---|---|---|---|---|---|
| १ | ०२/२०८२/०८३ | मेडिकल अधिकृत | आठौं | ४ | स्वास्थ्य/ज.हे.स. | स्वास्थ्य/ज.हे.स आठौं तहको शुरु तलव स्केल र अन्य सुविधा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। |

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यताः**
क. मेडिकल अधिकृतको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट MBBS तह उत्तीर्ण गरेको।
ख. उल्लेखित पदका लागि सम्बन्धित परिषद् (Council) मा दर्ता भएको हुनुपर्नेछ।
**३. उमेरको हदः-** दरखास्त दिने मितिसम्म पुरुषको हकमा ३५ बर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।
**४. परीक्षाको किसिमः-** अन्तरवार्ता
**५. परीक्षा केन्द्रः** बिर्तामोड नगरपालिकाको कार्यालय, बिर्तामोड झापा।
**६. दरखास्त दस्तुरः** मेडिकल अधिकृतका लागि रु. १००० हुनेछ, उक्त दस्तुर यस कार्यालयको NIC ASIA Bank बिर्तावार शाखाको आन्तरिक राजश्व खाता नं. २४६२०५००२८३५४००२ वा कार्यालयको राजश्व खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।
**७. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः-** नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, पासपोर्ट साइजको फोटो एक थान, अनुभवको प्रमाणपत्र।
**८. दरखास्त पेश गर्ने स्थानः-** बिर्तामोड नगरपालिकाको कार्यालय (स्वास्थ्य शाखा), बिर्तामोड झापा।
**९. दरखास्त दिने अन्तिम मितिः** २०८२।१२।२७ गतेसम्म कार्यालय समयभित्र (सो दिन विदा भएमा कार्यालय खुलेको अर्को दिन)
**१०. करार अवधिः-** ६ महिनाको हुनेछ साथै कार्यसम्पादनको आधारमा करार अवधि थप गर्न सकिनेछ।
**११. परीक्षा मितिः-** पछि प्रकाशन गरिनेछ।

**सागर मिश्रः प्रमुख प्रशासकीय अधिकृत**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# विश्वको पुरानो साहित्य पर्सियन साहित्य



भुवन तामाङ

इरान र आसपासका विशाल क्षेत्र प्राचीन समयमा पर्सिया (फारस) भनेर जानिन्थ्यो। यहाँको सभ्यता विश्व प्रसिद्ध थियो। साथै पर्सियाको साहित्य पनि उत्तिकै उत्कृष्ट थियो, तर हाल पर्सिया अथात इरानमा इजरायल र अमेरिकाले भिषण बमबाडी गरेर त्यहाँको प्राचीन सम्पदाहरु नष्ट पारिरहेका छन्। जसले गर्दा पर्सियन साहित्य पनि संकटमा पर्ने चिन्ता बढेको छ। विश्वको पुरानो साहित्य पर्सियन (फारसी) साहित्यबारे यहाँ छोटो चर्चा गरिन्छ। फारसी साहित्यको परिदृश्य व्यापक छ। यसले संसारको धेरै देशहरुको भाषा तथा साहित्यमा स्थान बनाएको छ। फारसी प्राचीन साहित्यका प्रमुख पक्षहरूमा मौखिक रचनाहरू र लिखित ग्रन्थहरू पर्दछन्।

**ऐतिहासिक सन्दर्भ :**

फारसी साहित्य तीन हजार वर्षभन्दा अघिको युगमा फैलिएको थियो। जसलाई फारसी संस्कृति भनेर पनि चिनिन्थ्यो। फारसी साहित्यले ओटोमन टर्की, भारतवर्ष, टर्किक मध्य एसिया, इस्लामिक विश्वका साहित्यहरूमा गहिरो प्रभाव पारेको छ। यसबाट गोएथे, एमर्सन, मैथ्यु अर्नोल्ड र जर्ज लुइस बोर्जेज जस्ता लेखकहरू प्रेरित भएका छन्। आधुनिक समयका फारसी कविहरूले फारसी साहित्य परम्परा जारी राखिरहेका छन्। फारसी साहित्यलाई मानवताको महान साहित्यहरू मध्ये एक मानिन्छ। प्राचीन फारसी साहित्यहरू सांस्कृतिक धरोहरको अभिन्न हिस्सा बनेको छ। जसले फारसी भाषी संसारको ऐतिहासिक र सांस्कृतिक विकासमा बिराट दृष्टिकोण र दर्शन प्रदान गर्दछ।

**फारसी साम्राज्यहरूमा साहित्यिक विकास र विनाश :**

अचेमेनिड साम्राज्य (करिब ५५०-३३० ईसा पूर्व), किरुस दोस्रो (महान, शासन समय लगभग ५५०-५३० ईसा पूर्व) द्वारा स्थापित विश्वमा पहिलो ठूलो स्तरको फारसी राजनीतिक इकाई थियो। फारसी साहित्य सन्दर्भमा सबैभन्दा महान र प्रभावशाली काम शाहनामे हो। पर्सियाली राजाहरूको किताब- जुन कवि अबोलकासेम फ़र्दौसीले ९७७-१०१० ईस्वीबीच लेखेका हुन्। शाहनामे फारसी साहित्यको आत्मालाई वर्तमान दिनसम्म प्रतिनिधित्व गर्दछ, किनकि यसले प्राचीन कथाहरूलाई संरक्षित रुपमा राख्दछ र तिनीहरूलाई पढ्ने प्रत्येक नयाँ पुस्ताका लागि सम्बन्ध बनाइराख्दछ।

फर्दौसीको काममा देखिएको संरक्षण र नवीनताको उही आत्मा आधुनिक फारसी कविहरूका कलात्मक सिर्जनाहरुमा पनि देखिन्छन्, जो आफ्ना पूर्ववर्तीहरूको मनुष्य स्थितिको सबैभन्दा महत्वपूर्ण पक्षको रूपमा प्रेममा जोड जारी राख्दछन्। फारसी साहित्य सामान्य साहित्यको परिभाषाभन्दा फरक छ, किनभने यो केवल गीतात्मक रचनाहरू, कविता वा कल्पनाशील गद्यमा मात्र सीमित छैन, किनभने यीनका मुख्य तत्वहरू फारसहरूको सबै लिखित कृतिहरूमा देखा पर्छन्।

इतिहास वा चिकित्सा ग्रन्थहरू, धार्मिक ग्रन्थहरू वा दार्शनिक टिप्पणीहरूलाई साहित्य मानिन्छ, कलात्मक अर्थमा कुनै कविता वा काल्पनिक कथा जस्तै। प्राचीन र मध्ययुगीन फारसहरूद्वारा सिर्जना गरिएका कविता कलात्मक अभिव्यक्तिको उच्चतम रूप मानिन्छ। फारसी साहित्यको पहिलो प्रमाण सामान्यतया ई.पु. ५२२ वर्षको आसपासको मानिन्छ जब दारियस प्रथम (महान, शासन ५२२-४८६ ईस्वीपूर्व)द्वारा बेहिस्टुन शिलालेख सिर्जना गरिएको थियो तर, त्यही समयमा सासानी साम्राज्यको अवधिकै (२२४-६५१ ईस्वी) अघिको समयमा कुनै फारसी साहित्य थियो भन्ने प्रमाण छैन।

किनभने पहिलेका कामहरू केही शिलालेख र प्रशासनिक रेकर्डहरू बाहेक लोप भइसकेका थिए। अलेक्जेन्डर महानले करिब ३३० ई.पू. पर्सेपोलिसको पुस्तकालय नष्ट गरे र अन्य कृतिहरू पछिका उत्पात र विजयका समयमा हराएर लोप भए। त्यसैले फारसी साहित्य प्रायः करिब ७५० ईसापूर्णदेखि, अब्बासी वंशको उदयसँगै, १५औं शताब्दी ईसापूर्वसम्मको रूपमा मिति निर्धारण गरिन्छ र पहिलेका कृतिहरू अधिकांश अवस्थामा केवल प्राचीन भनेरमात्र जनाउन सकिन्छ, किनभने मध्यकालीन कविहरूले पूर्व-इस्लामिक इरानका कथाहरू र विषयवस्तुहरू सुरक्षित राखेका थिए।

**आधुनिक समयमा शास्त्रीय फारसी साहित्य :**

१९औं शताब्दीयता केही उल्लेखनीय शास्त्रीय कविहरू उदाएका छन्, जसमा मोहम्मद ताघी बहार र पार्वीन एतेसामी सबैभन्दा बढी प्रसिद्ध भएका छन्। मोहम्मद ताघी बहारलाई कवि राजाको उपाधि प्राप्त थियो र उनले २०औं शताब्दीको प्रारम्भिक भागमा फारसी साहित्यलाई एक पृथक संस्थाका रूपमा उदय र विकासमा महत्वपूर्ण भूमिका खेलेका थिए। उनका कविताहरूको विषय ईरानको सामाजिक र राजनीतिक अवस्थामा आधारित थियो।

पार्वीन एतेसामीलाई शास्त्रीय शैलीमा लेख्ने सबैभन्दा महान फारसी महिला कवि भनिन सक्छ। उनको एक उल्लेखनीय श्रृंखला, जसलाई मस्त वा होशियार (नशेसी र होशियार) भनिन्छ, प्रेम कविता सम्बन्धी धेरै झुकाव भएकोले प्रशंसा गरिन्छन्। २१औं शताब्दीमा ईरानी कविहरूको नयाँ पुस्ताले नयाँ कविता शैलीमा काम गर्न जारी राखेका छन् र अब उनीहरूको कृतिहरू अनुवाद गर्ने प्रयासहरूले अन्तर्राष्ट्रिय पाठकहरुलाई आकर्षित गर्दैछ।

**पर्सियन साहित्यका केही विशेषताहरु :**


शास्त्रीय फारसी कविता मध्यकालीन युगमा फर्दौसी, सादी, र रूमी जस्ता कविहरूसँगै आफ्नो उच्च शिखरमा पुग्यो। गजल र मसनवी जस्ता रूपहरूले प्रेम, नैतिकता, रहस्यवाद, र दार्शनिक अनुसन्धान व्यक्त गर्ने मुख्य माध्यम बने। फारसी कविता जटिल छन्द, कवितामा तालमेल, प्रतीकवाद र रूपकले चिनिन्छ। सामान्य विषयहरूमा प्रेम, रहस्यवाद, प्रकृति, अस्तित्व सम्बन्धी चिन्तन र सत्यको खोजी समावेश छन्। यी तत्वहरूले पाठकहरूलाई गहिराइमा पुऱ्याउँछ।

परम्परामा रमि, हाफिज, र ओमर खय्याम जस्ता प्रख्यात व्यक्तित्वहरू समावेश छन्। उनीहरूको कृतिहरू सांस्कृतिक सीमाहरू पार गर्छन् र विश्वव्यापी साहित्य, दर्शन र आध्यात्मिकतामा प्रभाव पार्दै आएका छन्। मुख्य काव्यात्मक रूपहरूमा गजल, मस्नवी, रुबाइयात र कासिदा समावेश छन्। प्रत्येक रूपले अनौठो संरचना र उद्देश्य प्रदान गर्दछन्, जसले कविहरूलाई जीवनका भावनात्मक, आध्यात्मिक र दार्शनिक पक्षहरूको अन्वेषण गर्ने प्रेरणा दिन्छ। दाना स्कूलले फारसी कवितामा संरचित पाठ्यक्रमहरू प्रदान गर्दछ, जसले शास्त्रीय र आधुनिक शैलीहरू समेट्छ।

पाठ्यक्रमहरू सबै स्तरका विद्यार्थीहरूका लागि डिजाइन गरिएका छन् र सांस्कृतिक सन्दर्भ, अर्थ र साहित्यिक विश्लेषणमा केन्द्रित हुन्छन्। फारसी कविता संसारको सबैभन्दा गहन र परिष्कृत साहित्यिक परम्परा मध्ये एकको रूपमा रहिरहन्छ। यसका विविध शैलीहरूलाई संरक्षण र अन्वेषण गरेर यसका ज्ञान र सुन्दरताले भविष्यका पुस्ताहरूलाई प्रेरित गरिरहिरहोस् भनेर सुनिश्चित गर्न इरानका साहित्यकारहरु योगदान गरिरहेका छन्।

कृति समीक्षा

# समय-संवाद र जीवन-लीला






टिका भट्टराई

रश्मिशेखर सुवेदीजीको यो कविता लीला लेखनको दृष्टिबाट हेर्दा समयसँगको सामान्य दार्शनिक बहस मात्र नभएर 'जीवन-लीला'को एउटा विम्वात्मक ब्याख्या जस्तो देखिन्छ।

**लीला–दृष्टि**

कवितामा समयलाई निरन्तर बग्ने, परिवर्तनलाई अविरल देखाइन्छ, तर मान्छेको सोच बदले भने परिवर्तनको अर्थै फेरिन्छ भन्ने हो। लीला लेखनले जीवनलाई खेल/लीला मानेर, वस्तुगत सत्यभन्दा पनि 'हेर्ने कोण' (perception)का बहुलतालाई केन्द्रमा राख्छ।

यस कवितामा समय सर्वशक्तिमान नियन्त्रक होइन, कविसँग संवाद गर्ने 'चरित्र' बनेर आउँछ, जुन लीला-दृष्टिको महत्वपूर्ण संकेत हो। लीला लेखनमा जस्तै यहाँ पनि समय एकैथरी स्थिर सत्ता होइन, कहिले कठोर नियति, कहिले मित्र, कहिले प्रश्नकर्ता यति धेरै रूप-परिवर्तन स्वयम् 'लीला' हो।

**बहुल दृष्टिकोण र आत्मपरीक्षण**

कविताले केवल एकैथरी दृष्टिले परिवर्तनको कथा बताउँदैन, कवितामा समय/परिवर्तन स्वतन्त्र प्राकृतिक शक्ति जस्तो देखिए पनि 'हामी जिम्मेवार छौं आफ्नै विचारका छायाँमा' भन्दै त्यसलाई फेरि मान्छेको दृष्टि, निर्णय र भ्रान्तिमा जोडिन्छ, यही रूपान्तरण लीला-प्रकृतिको केन्द्रीय बिन्दु हो।

- एक ठाउँमा 'हामी पीडित' दृष्टि छ (समयले डोरी ताने जस्तो),
- अर्को ठाउँमा 'हामी सह-स्रष्टा' दृष्टि (हामी पनि निर्णयकर्तै हौं)।

यही परस्पर विरोधी तर सह-अस्तित्वमान दृष्टिहरू लीला लेखनको 'बहुल अर्थ'को अभ्यास सरह छन्, जहाँ कुनै अन्तिम अर्थलाई पर्खाल ठड्याइँदैन। समयलाई 'अनथाक यात्रु', 'अविरल बग्ने धार' जस्ता बिम्बले देखाइएको छ, यस्ता रूपक नेपाली समय-प्रतीक परम्परासँग पनि मेल खान्छन्, जसले कविता सजिलै ग्रहणीय बनाउँछ।

**नैतिक–आध्यात्मिक झुकाव**

लीला लेखन पूर्वीय नैतिक दर्शन र विश्वदृष्टिले पनि प्रभावित छ, कर्म, दायित्व, आत्मबोध त्यसका केन्द्रीय चिन्ताहरू हुन्। कविताको अन्तिम भागमा आएको आह्वान-स्वर ('अब आफ्नो बद्लाव शुरु गर, समयलाई मात्र दोष नदेऊ' भन्ने स्वर)ले यस्तै नैतिक-आध्यात्मिक आग्रह बोकेको छ, जसले सामान्य सामाजिक 'उपदेश'भन्दा गहिरो कर्म-दर्शनको रूप धारण गर्छ। समय त फेरि पनि त्यस्तै रहनेछ, तर अब 'समयसँगको संवाद' निस्सहाय गुनासोबाट सक्रिय संकल्पमा रूपान्तरित भइसकेको छ, यही कविताको दार्शनिक केन्द्र हो।

**सीमाहरू : लीलाभन्दा बढी नीतिवाद ?**

लीला लेखनमा 'अर्थको अनिश्चितता' र 'खुला अन्त्य' महत्वपूर्ण हुन्छ, धेरै लीला कृतिमा अन्तिम निर्णय पाठककै काँधमा छोडिन्छ।

- समयलाई बहुरूपी खेलाडी-चरित्र बनाउनु,
- 'हामी'को दृष्टि फेरफार गर्दै अर्थको बहुलता सिर्जना गर्नु,
- परिवर्तनलाई नियतिवाद मात्र नभई चेतनाको खेल बनाउन खोज्नु- यी पक्षले कविता लीला दृष्टिसँग निकट देखिन्छ।

इन्द्रबहादुर राई-धरावासीको लीलामा स्थिर सत्यभन्दा 'भ्रान्तिबोध' र अनिश्चितता महत्वपूर्ण हुन्छ। कविता भरि 'के निस्पृह परिवर्तन पनि दोषी छ ?', 'समय त हाम्रो पक्षमा हो कि होइन ?' जस्ता प्रश्नले कुनै अन्तिम निष्कर्ष नदिई पाठकलाई बीचको खाल्डोमा राख्छ, यही खुला, बहुविकल्पीय अर्थ-सम्भावना लीलात्मक शैली हो। लीला लेखनमा पाठकले पनि नयाँ दृष्टि थप्दै पाठलाई निरन्तर पुनर्लेखन गर्छन्। 'आऊ, सोचौं–अहिल्यै' भन्ने आह्वानले कविताको अन्त्य पाठककै काखमा फ्याँक्छ, समय-संवाद अब कवि र समयबीच मात्र नभई पाठक, समाज, इतिहास सबैबीच फैलने 'खुला लीला' बन्छ।





बिष्णु गिरी 'निश्चल'

संस्मरण

# उर्जावान चित्लाङ यात्रा

मकवानपुरको चित्लाङ कृषि, पर्यटन र पुरातात्विक सम्पदाले भरिपूर्ण उपत्यका हो, चित्लाङमा बाख्रापालनबाट चिज उत्पादन हुन्छ, मौसमी तथा बेमौसमी तरकारी खेती गरिन्छ र यहाँ ऐतिहासिक पदमार्ग र पुरातात्विक महत्त्वका संरचनाहरू छन्। वरिपरि चुरे पहाड, बीचमा केही समथर भू-भाग, हरियाली वातावरण अनि प्राचीन ठाउँ। पहिलो पटक पुग्ने जोकोहीलाई मोहित बनाउँछ। चित्लाङले हामीलाई पनि त्यसै भयो म भने पहिलो पटक चित्लाङ गएको होइन। यस क्षेत्रमा बाख्राको दूधबाट चिज बनाउने उद्योग स्थापना गरिएको छ। चित्लाङमा उत्पादित बाख्राको दूधबाट बनेका चिज स्वादिलो, गुणस्तरीय हुन्छ। यहाँ पुराना मन्दिर, पाटी-पौवा, पदमार्ग, दरबार र स्मारकहरूले नेपालका राजनीतिक, धार्मिक र सामाजिक इतिहासको झलक दिने स्थानीयसँग कुरा गर्दा बताए।

जीवनमा धेरै घटनाहरु हुने गर्छन्। कसैलाई क्यामेरामा कैद गर्न सकिन्छ, कसैलाई सकिँदैन। कैद गर्न सकिएकाहरूले हाम्रो मस्तिष्क र जीवनलाई सदैव ऊर्जाशील बनाउन सहयोग गर्छ। हामी जहिले पनि खुशी हुन चाहन्छौं, तर आफू खुशी हुन अरुलाई खुशी दिनुपर्छ भन्ने कुरा चाहि बिर्सन्छौं। बर्षमा एकपटक अफिसियल कार्यक्रममा सहभागिता हुँदा पनि हामी पुरै समय दिन सक्दैनौं त्यो मानवीय स्वभाव नै हो।

हामी कार्यरत संस्थाबाट म्यानेजमेन्ट सबै र कर्मचारी गरी २४ जना रिफरेसमेन्टसहितको यात्रा गर्ने भन्ने बारेमा छलफल हुँदा हामी सबैको रोजाई काठमाडौंबाट नजिकै रहेको मकवानपुरको चित्लाङ जाने निधो गरियो। उक्त स्थान काठमाडौंबाट चारवटा रुट भएर चित्लाङ पुग्न सकिन्छ। सबैभन्दा कम दुरी कलंकी हुँदै चन्द्रागिरी भएर थानकोटबाट १८ किलोमिटरमा चित्लाङ पुग्न सकिन्छ। काठमाडौंबाट मातातीर्थ सःखेल हुँदै जाने हो भने करिब २७ किलोमिटर चित्लाङ पर्छ। दक्षिणकाली फर्पिङ कुलेखानी भएर जाँदा ५२ किलो मिटरको दुरीमा चित्लाङ पुगिन्छ। अर्को अझै थानकोट नौबिसे टिस्टुङ हुँदै पनि चित्लाङ पुग्न सकिन्छ, तर हामीले छोटो बाटो नै रोज्यौं।

हाम्रो यात्रा गत चैत १३ र १४ गते थियो। देशले नयाँ र युवा प्रधानमन्त्री पाएको थियो। सोही दिन हामी रिफरेसमेन्टको लागि चित्लाङ जाँदै थियौं। सबैको आ-आफ्नो सवारीसाधन भए पनि सबै आफ्नो तरिकाले जाँदा अलि खल्लो हुने पो भनि हामीले टुरिष्ट बस नै दुई दिनको लागि रिर्जभ गरेर जाने भयो। जसले गर्दा हामी सबै कार्यक्रम अवधिभर सँगै रहने र सगै एउटै बसको यात्रा गर्दा रमाईलो पनि हुने। हामी चैत १३ गते सुन्धरामा सबैलाई ९ बजे बिहानै भेट्न भन्यौ। तर, नेपालीको समय न हो कहिले सोचे जस्तो हुन्छ, गाडी खोज्न र म बाहेक तोकिएको समयमा कोही आई पुगेनौं, तर कार्यालय आएर सबैलाई सम्पर्क गरेपछि हामी आधा घण्टामा हिँड्ने तयारी गर्दै थियौं एक जना सर एक्कासी नजाने कुरा भयो। हामी अचम्ममा परियो पछि थाह भो उहाँको परिवारको सदस्यको सामान्य सवारी दुर्घटना भएको रहेछ।

पछि उहाँले त्यसको व्यवस्थापन गरेर आफै आउँछु भन्नुभयो उहाँलाई केही समय कुर्यौं र हामी चाउँचाउ, चना लगायतका बाटोमा खाने कुराको केही जोहो गरेर यात्रामा निस्कियौं। कंलकीमा दुई जना साथी र थानकोटमा एक जना साथीलाई रिसिभ गरेर हामी चित्लाङको यात्रामा निस्कियौं। यात्रामा बसमा केही राजीतिक केही रमाइलो केही छेडखान केही हाँसी-मजाक केही नाच्दै रमाइलो गर्दै हामीले यात्रा अगाडि बढायौं।

लाग्थ्यो हामी हाँस्न, नाच्न र गाउनकै लागि जन्मेका हौं। बाटो साँघुरो थियो। ठूलो बस छिर्न पनि गाह्रो तर हामी त्यही बाटोमा गुडिरहेको बसभित्रै नाच्यौं। कहिले बजिरहेको गीतसँगै ठूल्ठूला आवाजमा गीत गाउथ्यौं। कहिले गीतको शब्दसँगै चित्लाङ नै थर्कने गरी हास्थ्यौं। त कहिले अभिनय र नक्कल गर्दै नाच्यौं। बीचमा चन्द्रागिरीको एक होटलमा हामीले नास्ता खायौं। होटलमा भएको सबै खानेकुरा खाईदियौं जम्मा खादा चार हजार दुई सय रुपैयाँ भएछ। बसमा निकै नाच्दै, हाँस्दै र उफ्रँदै हामी दुई घण्टामा चित्लाङ पुग्यौं। चित्लाङ प्राचीन सम्पदाले मात्र होइन, कला संस्कृतिले पनि धनी पाइयो। तीनतिर हरिया पहाडले ढाकिएको र बीचमा समथर खेतीयोग्य जमिन देख्दा आँखाको धित मर्ने गरी हेर्यौं र मख्ख भयौं। त्यति मात्रै होइन हामीले आदि बाटोभरि लालिगुराँससँग रमायौं।

जब हामी बसबाट ओर्लिएर होटलमा पुग्यौं हामीलाई स्वागत गर्न होटलका कर्मचारी थिए। होटल पुग्ना साथ हामी कोठामा गयौं फ्रेस भइयो, हामी बस्ने होल फोटोजेनिक बनाएको रहेछ। सबै सहभागीहरुले आ-आफ्नो तरिकाले फोटो खिचेर, टिकटक बनाएर रमाइलो गरियो। दिउँसो ३ बजे खाजा खाएपछि पानी पर्‍यो त्यसपछि सबै मिल्ने मिल्ने साथीहरुसँग बसेर रमाइलो गफगाफ गर्न थालियो।

चित्लाङ 'लालीगुराँस पदमार्ग' जस्ता पदमार्गहरूले प्राकृतिक सुन्दरतालाई नजिकबाट अनुभव गर्ने अवसर पाइयो। काष्ठकलाको अनुपम नमूनाहरू पाटी-पौवामा प्रहरी चौकी, सामुदायिक पुस्तकालयहरुले थप आर्कषित गरेको छ। चित्लाङ नजिकै रहेको इन्द्रसरोवर मानव निर्मित ताल हो। यो ताल सात किलोमिटर लम्बाइ र दुई किलोमिटर चौडाइको छ। आफूसँग थोरै फुर्सदको समय छ र त्यसलाई कसरी मनोरञ्जनात्मक बनाउने भन्ने सोचिरहनुभएको छ भने तपाईंको लागि चित्लाङको एक दिन एक रातको बसाइ नै काफी छ। बाह्रै महिना चिसो भइरहने ठाउँ, हरिया फाँट र हरिया जंगल नियाल्दै स्थानीय स्तरमै उत्पादित खानाको स्वादका चित्लाङमा पाइन्छ।

शुरुमा शुक्रबार र शनिबार मात्र चित्लाङमा आन्तरिक पर्यटकको भीड हुने गरेकोमा अहिले भने सातै दिन उत्तिकै आन्तरिक पर्यटक आउने गर्छन्। यहाँ क्याम्प फायरसँगै गीत-संगीतमा झुम्दै नाँच्न पाइन्छ। हामीले पनि बार्बिक्यु गर्‍यौ। मन लागेको खाने कुरा खायौं। कोही नाच्नमा व्यस्त कोही टेबुलटेनिस खेल्ने, कोही स्नुकर, कोही पौडी, कोही खानामा रमाउने, कोही शान्त वातावरणमा रिर्सोट, वरफ, घुमफिर गरेर रमाइलो गरियो। बाहिर पानी परिरहेकोले कोही साथीले तास पनि खेले। हामीलाई भने एक मित्रले अस्ट्रेलियाबाट ल्याएको रक्सीबाट बनाएको कोक्टेल खाने अवसर पनि जुर्‍यो। हामी सबै खादै रमायौं। चिकेन र पोर्कको बार्बिक्युले सबैको मन जित्यो।

शुक्रबार भएकोले होला हामी बसेको रिर्सोट भरिभराउ थियो। कर्मचारीले समयमै डेलिभरी गर्न सकेका थिएन भने खानामा खासै क्वालिटी नभए पनि हामी भने हाम्रै साथीभाइको गफ र कुराकानीमा रमाइलो गरेका थियौं। एकजना साथी चितवनबाट आएर साँझमा सहभागी भएपछि झन् रमाइलो माहौल बन्यो। बेलुका रमाइलो गरियो। हामीले केही गेम फनि खेल्यौ जित्नेलाई उपहार पनि दियौं। तीन जना साथीले जित्नु भयो तर खेलमा सबैले सहभागिता जनाइयो। शनिबार बिहान केही साथी काठमाडौं जानैपर्ने भएकोले केही खल्लो महशुस भयो। उहाँहरुलाई सामान्य ब्रेकफास्ट गराएर मन गह्रौ बनाएर बिदा गरे पनि उहाँहरुले हरेक हामीलाई फोन गरेर के भइरहेको छ भन्दा खुशी लाग्यो। हामी केही समय हाइकिङ पनि गयौं। सहभागी साथीहरुले धेरै कपडा लिएर आउनुभएको रहेछ। पानी परेकाले अन्य धेरै ठाउँ धुम्न नगए पनि होटल परिसर मै कपडा फेरि-फेरि फोटो र टिकटक बनाएको हेर्दा निक्कै रमाइलो भयो।

मान्छे खुशी हुन् चाहे सानो कुरामा पनि रमाउन सक्दो रहेछ। शनिबार नै बिहानको खाजापछि रिसोर्टकै कर्मचारीले गाउँ भ्रमणमा लैजाने योजना भए पनि पानी परेकाले हामी त्यसमा सहभागी हुन सकेनौं, तर केही समय पानी रोकिएको मौका छोपेर हामीले डाँडा-काँडाको यात्रा गर्‍यौं। लागिगुँरास फूलसँग रमायौं। फोटो खिच्यौं। धुलो, धुँवाले गाँजेको काठमाडौंबाट उम्किएर केही दिन नजिकैको शान्त, सुरक्षित र रमणीय ठाउँमा जान चाहनुहुन्छ त्यो गन्तब्य बन्न सक्छ चित्लाङ। हामी २४ जनाको सहभागी भएको यो यात्रामा पुरुषभन्दा महिलाको सहभागिता बढी थियो। हामीले दुई दिनको यात्रामा होटलको बसाई, घुमाई रमाइलो गरी करिब एक लाख तीस हजार रुपैयाँमा यात्रा सफल भयौं। थोरै खर्च राम्रो र आत्मीय यात्रा गर्ने वातावरण बनेकोमा आयोजकलाई बधाई।

nischalbishnu@gmail.com

## आजको राशिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - तपाईको मन शान्त रहने छ, खुशीको समाचार आउने छ, तर गुप्ताङ्गमा समस्या देखापर्न सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले साथ दिने समय छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - आज बोलिको भरमा काम बन्ने हुँदा बोलिमा विचार पुर्‍याउनुहोला, स्वास्थ्य समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - उत्तरार्द्ध पछि काम बन्ने योग रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - आज तपाईको अधुरा रहेका काम सिद्ध हुने दिन छ, उच्च अधिकारीबाट साथ, सहयोग र मिल्नेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - आफ्नाबाट खुशीको खबर आउन सक्छ, नयाँ अवसरका बाटोहरु खुल्ने समय रहेको छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ। छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आज आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - नयाँ कामको प्रश्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, प्रशंसक बढ्नेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - दिन मध्यम रहेको छ, शुरुमा काम बन्नाले मन हर्षित हुनेछ, मध्यान्हपछि आफन्तजन मतभेद बढ्नाले तनाव बढ्नेछ।

मिति २०८२/१२/२० शुक्रबारको सुनचाँदी मूल्य
छापावाला सुन प्रति तोला रु. २९४,०००/-
चाँदी प्रति तोला रु. ४,८३०/-

# भुटानी शरणार्थी शिविरमा लागूऔषध दुर्व्यसनी बढ्दै




□ छविराज ढकाल

**पथरीशनिश्चरे, चैत २०।** मोरङको पथरी शनिश्चरे वडा नं. १० स्थित भुटानी शरणार्थी क्याम्पमा पछिल्लो समयमा लागूऔषध तथा दुर्व्यसनी र चोरीका घटनाहरू बढ्दै गएका छन् ।

दिनहुँजसो त्यस्ता चोरी तथा लागूऔषध दुर्व्यसनीका घटनाहरू बढ्दै गएको स्थानीय भुटानी शरणार्थीहरूले गुनासो गरेका हुन् । सन् १९९२ देखि पूर्वी नेपालको मोरङ जिल्ला पथरी शनिश्चरे नगरपालिका वडा नम्बर १० को शिविर डाँडामा भुटानी शरणार्थीहरू शरणागत जीवन बिताउँदै आएका छन् ।

शरणार्थीगत जीवन बिताउँदै आएका उनीहरू यतिबेला लागूऔषध दुर्व्यसनमा युवायुवतीहरू फस्दै गएको र विगत केही दिनयतादेखि रातमा समेत चोरी र अश्लिल शब्द बोल्नेहरूको जमातले आतंकित तुल्याएको स्थानीय युवा आइतराज राईले बताए ।

सोही शिविरमा बस्दै आएका अर्का भुटानी अगुवा राम बानियाँले गत भदौ २४ गतेको जेन-जी आन्दोलनको बेला लखेटिएको शिविर डाँडाको सशस्त्र प्रहरी बलको प्रहरी टोली पुनःस्थापना गर्न नेपाल सरकार समक्ष जोडदार माग गरेका छन्। उक्त बेस क्याम्पमा प्रहरी सहायक निरीक्षकको कमाण्डमा १४ जना सशस्त्र प्रहरीहरूले सुरक्षा प्रदान गर्दै आएका थिए ।

सशस्त्र माओवादी जनयुद्ध र द्वन्दकालकै बेलादेखि नै पथरीको भुटानी शरणार्थी शिविरमा सुरक्षाको लागि सशस्त्र प्रहरी बलको बेस क्याम्प स्थापना भई शान्ति सुरक्षा प्रदान गर्दै आइरहेको थियो । बेस क्याम्पमा गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका बेला प्रदर्शनकारीहरूले ढुङ्गामुढा तथा तोडफोड गरेपछि नजिकैमा रहेको पथरीशनिश्चरे नगरपालिकाकै वडा नम्बर ४ मा रहेको अर्को शनिश्चरे सशस्त्र प्रहरी बेस क्याम्पमा यहाँका सशस्त्र प्रहरीहरू असुरक्षाका कारण गाभिएका थिए ।

यसैबीच लागूऔषध कारोबारसहित चोरीका घटनामा समेत वृद्धि भएको जनाइएको छ । एकै रातमा छ वटासम्म मोबाइल र ८० हजार रुपैयाँसम्म चोरी भएको स्थानीयले बताएका छन् ।

इलाका प्रहरी कार्यालयका प्रमुख डीएसपी तुलसीराम अर्यालले शिविर डाँडास्थित भुटानी शरणार्थीहरूको बस्तीको शान्ति सुव्यवस्थाका लागि प्रहरीहरूको गस्ती नियमित परिचालन गर्दै आएको र लागूऔषध दुर्व्यसनमा संलग्नहरूलाई पक्राउ गरी आवश्यक कारवाही अगाडि बढाएको एवम् चोरीका सामान किन्ने समेतलाई पक्राउ गरी आवश्यक अनुसन्धान भइरहेको बताए । उनले त्यस क्षेत्रको शान्ति सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाउन शिविर व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आग्रह गरिरहेको उल्लेख गरे ।

यता पथरीशनिश्चरे वडा नं. १० स्थित भुटानी शरणार्थी क्याम्पका सचिव करन राईका अनुसार पथरीमा वर्षौंदेखि शरणागत जीवन बिताइरहेका भुटानी शरणार्थीहरूको दिगो व्यवस्थापनका लागि सुशीला कार्की नेतृत्वको सरकारको बेलामा गृह मन्त्रालयमा पुगेर सरकारका प्रतिनिधिहरूसँग समस्याहरु बारे अवगत गराएको बताए । पछिल्लो तथ्याङ्क सन् २०२५ अनुसार हाल मोरङको पथरी शनिश्चरे वडा नं. १० मा रहेको शिविरमा मात्रै एक हजार पाँच सय ४० जना भुटानी शरणार्थीहरु शरणागत जीवन बिताइरहेका छन् ।

# माईको नगरसभा



□ विमल दहाल

**माई, चैत २०।** माई नगरपालिकाको २०औं नगर सभा सम्पन्न भएको छ ।

नगर प्रमुख खम्बा सिं लिम्बूको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत चिरञ्जिवी भट्टराईको समन्वयमा सभा सम्पन्न भएको हो । कार्यक्रममा उपप्रमुख हिमा भण्डारीले आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम माथि संशोधन प्रस्ताव पेश गरेकी थिइन् । संशोधन प्रस्ताव माथि छलफल गरी उठेका प्रश्नहरूको जवाफ दिँदै प्रमुख लिम्बूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुभएको थियो।

सभामा माई नगरपालिकाको आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक-२०८२ वडा नम्बर-३ का वडाध्यक्ष तथा कार्यपालिका सदस्य देवकुमार तामाङको प्रस्ताव, वडा नम्बर-४ का वडाध्यक्ष तथा कार्यपालिका सदस्य हेम वहादुर लायो मगरको समर्थनमा नगर प्रमुख लिम्बूले निर्णयर्थ प्रस्तुत गर्नुभएको थियो।

सभाले माई नगरपालिकामा यस अघि बिशेष नगरसभावाट छुट भएका कृषिजन्य वालि छुट राहात रकम प्रस्ताव निर्णयार्थ पेश भएकोमा वडा नम्बर २ का वडा अध्यक्ष उर्द वहादुर राईद्वारा परस्तावित थप २ जनाको नाम सहित १३७ परिवार किसानलाई राहत दिने प्रस्ताव नगर प्रमुख लिम्बूले सर्वसम्मत पारित गरेका थिए ।

सभाले विद्युत प्राधिकरण संगको साँझेदारी कार्यक्रम, सुखानी सहादत स्थल निर्माण, कन्काई मावि तला थप, जिरोदेखि देउराली सडक मर्मत, दोमुखा सडक मर्मत लगायतका योजना, वडागत योजना लगायत संशोधन गरेको छ ।

# सट्टेबाजी एप वा प्लेटफर्ममा कारोबार नगर्न ब्यूरोको अनुरोध

**झापा, चैत २०।** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले प्रतिबन्धित अनलाइन सट्टेबाजी साइट तथा प्लेटफर्म सञ्चालन गरी कारोबार नगर्न तथा नगराउन पुनः सचेत गराएको छ ।

सरकारले यसअघि नै अनलाइन सट्टेबाजी अनलाइन तथा प्लेटफर्म बन्द गरिसकेको छ । ब्यूरोका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार गैरकानूनी क्रियाकलाप नगर्न तथा नगराउन सबैमा अनुरोध गरिएको छ । त्यस्तो गरिएको पाइए उपकरण समेत जफत हुने ब्यूरोले स्पष्ट पारेको छ ।

प्रहरीले मुलुकी अपराधसंहिता २०७४ बमोजिम फौजदारी कसुरमा प्रहरीले पक्राउ गरी अनुसन्धान गर्ने तथा सो कसुरमा संलग्न व्यक्तिलाई कैद वा जरिवाना वा दुबै सजाय हुनका साथ सट्टेबाजीबाट आर्जन गरिएको रकम वा प्रयोग गरिएका उपकरण समेत जफत हुने ब्यूरोले प्रष्ट पारेको छ ।

बन्द गरिएका कुनै पनि सट्टेबाजी अनलाइन एप वा प्लेटफर्ममा कुनै पनि कारोबार नगर्न तथा नगराउन, कहीँकतै त्यस्तो गरेको पाइए जानकारी गराउन ब्यूरोले अनुरोध गरेको छ ।

# हतुवागढीमा घुम्ती सेवा

**भोजपुर, चैत २०।** भोजपरको हतुवागढी गाउँपालिकामा घुम्ती सेवा शुरु गरिएको छ ।

हतुवागढीको केन्द्र घोडेटारमा नागरिकता र राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन उक्त सेवा आरम्भ गरिएको हो । दुर्गम क्षेत्रबाट प्रशासनीक सेवा लिनका लागि सदरमुकाम आउनुपर्ने बाध्यताको अन्त्य गर्न जिल्ला प्रशासन कार्यालयले घुम्ती सेवा शुरु गरेको प्रमुख जिल्ला अधिकारी राजन पौडेलले बताए ।

हतुवागढी र आमचोक गाउँपालिकामा तीन-तीन दिन उक्त सेवा सञ्चालन गरिने छ । 'नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिँदै घुम्ती सेवा शुरु गरेका हौं' -प्रजिअ पौडेलले भने । हतुवागढीमा यही चैत १९ देखि २१ गतेसम्म र आमचोकमा चैत २२ देखि २४ गतेसम्म सो सेवा प्रदान गरिने छ । यसबाट हतुवागढीका नौ तथा आमचोकका १० वडाका बासिन्दाले घरआँगनमै सेवा पाउने छन् ।


## वैदेशिक रोजगार

**के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**

सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८२।०९।२९ गतेका दिन बिर्तामोडबाट भद्रपुर जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्डको माइग्रेसन सर्टिफिकेट तथा ११ र १२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम :- सरिता भण्डारी
ठेगाना :- शरणामति-६, झापा
रजिस्ट्रेसन नं. :- ८०१०४१२८००५६
सिम्बोल नं. :- ३०४०३४३८
सम्पर्क नं. :- ९८१५९२७६२७

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## UAE मा रोजगारीको अवसर

UNited International Group
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com


## मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

## घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. ११ बस्ने श्री गंगा खतिवडाले निजको नाममा दर्ता रहेको साविक-०१ हाल मेचीनगर-११ स्थित.........टोल.........मार्गमा पर्ने कि.नं. ४२६३ क्षेत्रफल ००-००-११ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री बिरबहादुर दर्जी, मानबहादुर दर्जी, लक्ष्मीप्रसाद दाहाल, सागर न्यौपाने मिति २०८२/१२/१५ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घरजग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक-०१<br>हाल मेचीनगर-११<br>कि.नं. ४२६३<br>क्षेत्रफल ००-००-११ | लम्बाई ११.४५ मिटर<br>चौडाई ८.७५ मिटर<br>उचाई ९ मिटर<br>क्षेत्रफल ३०५.९१ व.मि. | पूर्व श्री बिरबहादुर दर्जी, मानबहादुर दर्जी<br>पश्चिम श्री लक्ष्मीप्रसाद दाहाल<br>उत्तर सागर न्यौपाने<br>दक्षिण बाटो |

## मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

## घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. १३ बस्ने श्री भोलानाथ बस्नेतले निजको नाममा दर्ता रहेको साविक-०५ हाल मेचीनगर-१३ स्थित.........टोल.........मार्गमा पर्ने कि.नं. १८०४,१८०० क्षेत्रफल ००-००-६५, ००-००-१३.५ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री सुनिता खतिवडा मिति २०८२/१२/०९ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घरजग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक-०५<br>हाल मेचीनगर-१३<br>कि.नं. १८०४,१८००<br>क्षेत्रफल ००-००-६.५, ००-००-१३.५ | लम्बाई १०.५७५ मिटर<br>चौडाई ८.७५२ मिटर<br>उचाई ६.० मिटर<br>क्षेत्रफल १८०.१२ व.मि. | पूर्व श्री सुनिता खतिवडा<br>पश्चिम श्री ब्रमा लिम्बु<br>उत्तर बाटो<br>दक्षिण श्री गोपाल खड्का, यमनाथ अधिकारी |

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| सन्तोषकुमार महतो | जुरोपानी-९ | १०५५ | १३००.०० | उतिन लोल केवट |
| छलि माया खाति | चन्द्रगढी-३ | ८१० | ०-१-० | तेजी लाल चौधरी थारु |
| विष्णुकुमारी लिम्बु समेत | कोरोबारी-६ | ८<br>९ | ०-४-०<br>०-५-१० | नकुल सिंह सतार/कुल तुरि/नकुर दुरि चुनु सतार |
| लक्ष्मण यादव गोहिवार | कोरोबारी-५ | १४५६<br>२३६ | १-६-१०<br>०-१९-१० | नारायण प्रसाद खड्का क्षेत्री |
| पुनम देवी मेहता | कोरोबारी-६ | १२१७<br>२१ | ०-५-०<br>०-५-२ | सोमाहा/सोमइ सतार<br>छदै देवी राजवंशी |
| विजयप्रसाद दाहाल | हल्दिबारी-८ | २२२७ | ०-१९-० | हेमकुमारी ढुंगाना/लखिम हेमरम सतार |
| अम्बिकाप्रसाद गौतम | हल्दिबारी-८ | ११९० | ०-११-० | हेमकुमारी ढुंगाना/झोडन सरिम सतार |
| विक्रम श्रेष्ठ | कोहबरा-१ | ९७० | ५७९७.९७ | भक्त बहादुर कार्की |
| महेशकुमार खतिवडा | भद्रपुर-१० | ४९ | ६५०.०० | धुसरा किस्कु सतार |
| उद्रनारायण राजवंशी | बालुवाडी-४ | ४८ | ५२१०.०० | सरवन राजवंशी/सर्वन राजवंशी |
| कुमार तामाङ्ग | मधुमल्ला-४ | १००४ | ०-०-१६.७५ | हर्क बहादुर कामी |
| नुरबहादुर खड्का | दुवागढी-१ | ४९७ | ०-५-० | परमेश्वर/परमसैवर चौधरी |
| नुरबहादुर खड्का | दुवागढी-१ | ४८० | ०-९-० | जोतिस राजवंशी/जोतिखर राजवंशी |
| कृष्णबहादुर खड्का | दुवागढी-१ | ९७८ | ०-८-१५ | अखाइ/आखाइ राजवंशी |
| राधा देवी सुतार कार्की | दुवागढी-१ ख | ४०२ | ०-१७-० | कुल प्रसाद उपाध्याय |
| राधा देवी सुतार कार्की | दुवागढी-१ ख | ५४५<br>५६१ | ०-५-०<br>०-७-१५ | खड्ग प्रसाद पोखरेल |


## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।

बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## कलर दोकानको रंगिन बहार

यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।

कलर दोकान
बिर्तामोड नगरपालिका-४,
भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

## उक्त सबै रोगहरुको तत्काल उपचार

तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
पेटका रोगहरुः ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।

तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

## घरेलु कामदार चाहियो

बिर्तामोड-१ स्थित घरमा खाना बनाउने, घर सफासुग्घर गर्ने, वृद्ध आमाको स्याहार गर्नसक्ने एकजना कर्मचारी तु-चाहियो इच्छुकले सम्पर्क गर्नुहोला ।
फोन नं. : ९७०८८२६९०५

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## घर ढलान गर्नुछ ?

तपाईको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३



## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।



सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## कोसेली

शुद्ध दूधको स्वस्थ उत्पादन
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## सयपत्री बालुवा प्रशोधन उद्योग

उच्च गुणस्तर सुलभ मूल्य
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा



बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।



बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## SUNMAI SPRING

'थोपा-थोपामा जीवन छ'
HACCP, ISO 9001:2015, स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

## DRISHTI Eye Care System

TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## अब बिर्तामोडमा डा. पितामबर ठाकुर



MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुखे, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

## Ganapati Bakers

Finest Bakery in town



गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरूः बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)